# राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७८

## जानकारीमूलक पुस्तिका

### १. राष्ट्रिय सभाको गठन र कार्यकाल

राष्ट्रिय सभा संघीय संसदको स्थायी सदन हो । प्रदेश सभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा मतको भार फरक हुनेगरी प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक सहित आठ जना गरी निर्वाचित **छपन्न जना** र नेपाल सरकारको सिफारिशमा राष्ट्रपतिवाट मनोनित कम्तीमा एक जना महिला सहित **तीन जना** गरी राष्ट्रिय सभामा जम्मा **उनान्साठी** सदस्य रहने संवैधानिक व्यवस्था छ ।

राष्ट्रिय सभा सदस्यहरुको पदावधि छ वर्षको हुन्छ । राष्ट्रिय सभाका एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुने व्यवस्था रहेको छ । संविधानको धारा ८६ (३) मा व्यवस्था भएको अवधि पूरा भएको कारण बाहेक अन्य कारणले राष्ट्रिय सभाको पद रिक्त भएमा त्यस्तो पद उपनिर्वाचनद्वारा पूर्ति गर्ने कानूनी व्यवस्था रहेको छ । राष्ट्रिय सभाको रिक्त हुन आउने स्थानको पूर्ति त्यस्तो स्थान रिक्त गर्ने सदस्यको निर्वाचन वा मनोनयन जुन तरिकाले भएको थियो सोही तरिकाले बाँकी अवधिका लागि गरिने व्यवस्था छ ।

### २. निर्वाचन प्रणाली

नेपालको संविधानको धारा ८६ को उपधारा (२) बमोजिम निर्वाचित राष्ट्रिय सभा सदस्यको पद जुनसुकै कारणले रिक्त भइ उपनिर्वाचन हुँदा वा संविधानले तोके बमोजिम कायम भएको पदावधि समाप्त भई कुनै समूहको एक जना सदस्यको लागि मात्र निर्वाचन गर्नुपर्ने अवस्थामा जुन समूह र तरिकाबाट निर्वाचित भएको हो सोही समूह र तरिकाबाट मतदाताले दिने एक मतको आधारमा सबैभन्दा बढी मत ल्याउने एक जना **पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली** अनुसार निर्वाचित हुने व्यवस्था छ ।

### ३. उम्मेदवारको योग्यता

राष्ट्रिय सभा सदस्य निर्वाचनमा उम्मेदवार हुन देहायको योग्यता पुरा गरेको हुनु पर्नेछ :

क) नेपालको नागरिक,
ख) पैंतिस वर्ष उमेर पुरा भएको,
ग) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,
घ) कुनै गाउँपालिका वा नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको,
ङ) कुनै सङ्घीय कानूनले अयोग्य नभएको,
च) कुनै लाभको पदमा बहाल नरहेको ।

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा उम्मेदवार हुने प्रयोजनको लागि लाभको पद भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

यसका अतिरिक्त प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्द सूचीमा नाम समावेश भएको व्यक्ति बन्द सूचीबाट नाम हटेको अवस्थामा बाहेक राष्ट्रिय सभा सदस्यको उम्मेदवार हुन पाउने छैन ।

### ४. निर्वाचक मण्डल र मतभार

निर्वाचित जनप्रतिनिधिहरु नै मतदाता भएर कुनै प्रतिनिधिको निर्वाचन गर्न मतदाताको रुपमा तोकिएको समूहलाई निर्वाचक मण्डल भनिन्छ । भौगोलिक जटिलता, जातीय विविधता, र जनसांख्यिक वितरणको उचित सम्बोधन गरी निश्चित पद वा स्थानमा निर्वाचित जनप्रतिनिधि मार्फत् निर्वाचन गर्न निर्वाचक मण्डलको गठन गरिन्छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि सम्बन्धित प्रदेशमा प्रदेश सभा सदस्य, गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख मतदाता रहेको निर्वाचक मण्डल गठन हुने व्यवस्था छ । प्रदेश सभाको कुनै सदस्य,

गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको निर्वाचन हुन नसकेको वा अन्य कुनै कारणले पद रिक्त भएको अवस्थामा पनि निर्वाचक मण्डल गठन गर्न बाधा पर्दैन ।

प्रदेश सभाका सदस्य, गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको मतको भार फरक फरक हुने कानूनी व्यवस्था छ । **प्रदेश सभाका सदस्यको एक मत बराबर ४८ मतभार रहेको छ भने गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखको एक मत बराबर १८ मतभार** रहेको छ ।

## ५. निर्वाचन हुने पदको समूह एवं प्रदेशगत विवरण

२०७८ फागुन २० गतेदेखि रिक्त हुने राष्ट्रिय सभाका एक तिहाइ सदस्यको निर्वाचन २०७८ माघ १२ गते हुँदैछ। उक्त मितिमा निर्वाचन हुने पदहरुको प्रदेशगत समूह र संख्या देहाय बमोजिम रहेको छ :-

| प्रदेश | सङ्ख्या | | | | |
|---|---|---|---|---|---|
| | महिला | दलित | अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदाय | अन्य | जम्मा |
| प्रदेश नं १ | १ | ० | १ | १ | ३ |
| प्रदेश नं २ | १ | ० | ० | १ | २ |
| बागमती प्रदेश | १ | ० | ० | १ | २ |
| गण्डकी प्रदेश | १ | १ | ० | १ | ३ |
| लुम्बिनी प्रदेश | १ | १ | ० | १ | ३ |
| कर्णाली प्रदेश | १ | ० | १ | १ | ३ |
| सुदूरपश्चिम प्रदेश | १ | १ | ० | १ | ३ |
| जम्मा | ७ | ३ | २ | ७ | १९ |

## ६. निर्वाचन कार्यक्रम

राष्ट्रिय सभा सदस्य निर्वाचन कार्यक्रम देहाय अनुसार सञ्चालन हुनेछः

| क.सं | कार्यक्रम | मिति | | समय | | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | |
| १ | मतदाता नामावली प्रकाशन गर्ने | २०७८।०९।१७ | | १०.०० | ११.०० | निर्वाचन अधिकृतको कार्यालय | |
| २ | दावी विरोधको उजुरी दिने (प्रकाशित नामावलीमा नाम समावेश हुन छुट भएका व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने तथा प्रकाशित नामावलीमा उल्लेख भएका मतदाताको विरोधमा उजुरी दिने समेत) | २०७८।०९।१७ | | ११.०० | १६.०० | ऐ. ऐ. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | निवेदन तथा उजूरी उपर छानविन र कारवाही गर्ने | २०७८।०९।१८ | २०७८।०९।१९ | १०:०० | १५.०० | ऐ. ऐ. | २०७८।०९।१८ गते १०:०० बजे देखि २०७८।०९।१९ गते १५:०० बजेसम्म |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | २०७८।०९।१९ | | १५.०० | १६.०० | ऐ. ऐ. | |
| ५ | उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने | २०७८।०९।२० | | १०.०० | १५.०० | ऐ. ऐ. | |
| ६ | मनोनयन पत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने | २०७८।०९।२० | | १५.०० | १६.०० | ऐ. ऐ. | |
| ७ | उम्मेदवारको बिरोधमा उजुरी दिने | २०७८।०९।२१ | | १०.०० | १६.०० | ऐ. ऐ. | |
| ८ | मनोनयनपत्र र उजुरी उपर जाँचबुझ गरी निर्णय गर्ने | २०७८।०९।२२ | २०७८।०९।२३ | १०.०० | १५.०० | ऐ. ऐ. | २०७८।०९।२२ गते १०:०० बजे देखि २०७८।०९।२३ गते १५:०० बजेसम्म |
| ९ | उम्मेदवारको नामावली प्रकाशन गर्ने | २०७८।०९।२३ | | १५.०० | १६.०० | ऐ. ऐ. | |
| १० | उम्मेदवारले नाम फिर्ता लिने | २०७८।०९।२४ | | १०.०० | १६.०० | ऐ. ऐ. | |
| ११ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने | २०७८।०९।२५ | | १०.०० | १२:०० | ऐ. ऐ. | |
| १२ | उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने | २०७८।०९।२५ | | १२.०० | १६.०० | ऐ. ऐ. | |
| १३ | मतदान गर्ने | २०७८।१०।१२ | | ९.०० | १५.०० | तोकिएको मतदान केन्द्र | |

## ७. मतदाताको विवरण र मतभार

| क्र.सं. | प्रदेश | प्रदेश सभाका मतदाता | | स्थानीय तहका मतदाता | | जम्मा मतदाता | जम्मा मतभार |
|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | मतभार | सङ्ख्या | मतभार | | |
| १. | प्रदेश नं. १ | ९२ | ४४१६ | २७२ | ४८९६ | ३६४ | ९३१२ |
| २. | प्रदेश नं. २ | १०४ | ४९९२ | २६८ | ४८२४ | ३७२ | ९८१६ |
| ३. | बागमती | १०९ | ५२३२ | २३७ | ४२६६ | ३४६ | ९४९८ |
| ४. | गण्डकी | ५९ | २८३२ | १७० | ३०६० | २२९ | ५८९२ |
| ५. | लुम्बिनी | ८१ | ३८८८ | २१५ | ३८७० | २९६ | ७७५८ |
| ६. | कर्णाली | ३५ | १६८० | १५६ | २८०८ | १९१ | ४४८८ |
| ७. | सुदुरपश्चिम | ५२ | २४९६ | १७५ | ३१५० | २२७ | ५६४६ |
| **जम्मा** | | **५३२** | **२५५३६** | **१४९३** | **२६८७४** | **२०२५** | **५२४१०** |

## ८. मतदान स्थल र मतदान केन्द्र

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगले तोकेको स्थानमा मतदानस्थल तथा मतदानकेन्द्र रहने व्यवस्था छ। यो निर्वाचनका लागि प्रदेश नं. १ मा २ वटा मतदान स्थल र अन्य ६ वटा प्रदेशमा १/१ वटा मतदान स्थलभित्र २/२ वटा मतदान केन्द्र रहनेछन्। मतदान स्थल तथा मतदान केन्द्रको विवरण देहाय अनुसार रहेको छ:

| क्र.सं. | प्रदेश | मतदान स्थल | ठेगाना | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | प्रदेश नं. १ | प्रदेश निर्वाचन कार्यालय | विराटनगर महानगरपालिका-१० | गा.पा.का अध्यक्ष र उपाध्यक्ष तथा न.पा.का प्रमुख र उपप्रमुखको लागि |
| | | बाली संरक्षण प्रयोगशाला | विराटनगर महानगरपालिका-१० | प्रदेश सभा सदस्यको लागि |
| २. | प्रदेश नं. २ | महेन्द्र नारायण निधि भवन | जनकपुरधाम उपमहानगरपालिका-४ | दुबै समूहको लागि |
| ३. | बागमती | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको सभागृह | हेटौँडा उपमहानगरपालिका-८ | दुबै समूहको लागि |
| ४. | गण्डकी | प्रदेश निर्वाचन कार्यालय, पोखरा | पोखरा महानगरपालिका-७ | दुबै समूहको लागि |
| ५. | लुम्बिनी | कर्मचारी मिलन केन्द्र, दाङ | घोराही उपमहानगरपालिका-१५ | दुबै समूहको लागि |
| ६. | कर्णाली | प्रदेश निर्वाचन कार्यालय, सुर्खेत | वीरेन्द्र नगरपालिका-७ | दुबै समूहको लागि |
| ७. | सुदूरपश्चिम | प्रदेश सभा भवन, धनगढी | धनगढी उपमहानगरपालिका-१ | दुबै समूहको लागि |

## ९. मतदानको समय

आयोगले सम्वत् २०७८ साल माघ १२ गते बुधबार सम्पन्न हुने राष्ट्रिय सभा सदस्य निर्वाचनको मतदान समय विहान ९.०० बजेदेखि अपरान्ह १५.०० बजेसम्म निर्धारण गरेको छ । मतदाताले आफ्नो परिचयपत्र साथमा लिई निर्धारित समयभित्रै सम्बन्धित मतदान केन्द्रमा गई मतदान गर्नुपर्नेछ ।

मतदान, मतदाता नामावली, मतदान केन्द्र, मतपत्र लगायतका विषयमा सम्बन्धित प्रदेश निर्वाचन कार्यालय तथा निर्वाचन अधिकृतको कार्यालयबाट थप जानकारी लिन सकिनेछ ।

## १०. मतपत्र

राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि प्रदेश सभा सदस्यले मतदान गर्ने मतपत्र **सेतो रङ्गको** कागजमा **हरियो रङ्गको** मसीले विवरण तथा निर्वाचन चिन्ह र गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुखले मतदान गर्ने मतपत्र **सेतो रङ्गको** कागजमा **रातो रङ्गको** मसीले विवरण तथा निर्वाचन चिन्ह उल्लेख गरिएको हुन्छ ।

तसर्थ मतदाताले आफूले मतदान गर्ने **मतदान केन्द्र र मतपत्र यकिन गरी** मतदान गर्नुपर्नेछ ।

## ११. मतदान गर्ने सही तरिका

मतदाताले मतपत्र प्राप्त गरेपछि उक्त मतपत्रमा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी मत सङ्केत गर्ने गोप्य स्थानमा गई मतपत्रमा आफूले रोजेको उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह भएको कोठामा **स्वस्तिक छाप** लगाई मत संकेत गरेको छाप छोपिने तर मसी नलत्पतिने गरी मतपत्र पट्याइ मतपेटिकामा खसाल्नु पर्छ ।



## १२. मतपत्र बदर हुने अवस्था

निर्वाचनमा प्रत्येक मतको मूल्य रहेको हुन्छ । त्यसकारण आयोगले मतदाताको मत खेर जान नदिन सम्पूर्ण मतदातालाई मतदान गर्ने सही तरिकाबारे जानकारी प्रदान गर्न मतदाता शिक्षा सञ्चालन गर्नुका साथै प्रत्येक मतदातालाई यसबारेमा ध्यान दिन अनुरोध गर्दै आएको छ । देहायको अवस्थामा मतपत्र बदर हुने व्यवस्था छः

क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

ख) औंठा छाप लगाई वा निर्वाचन आयोगले तोके बमोजिमको छाप वा चिन्ह बाहेक अन्य चिन्ह वा छाप लगाई मत सङ्केत गरेको,

ग) मत सङ्केत नबुझिने गरी लतपतिएको वा च्यातिएको,

घ) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरेको,

ङ) निर्वाचित गर्नुपर्ने सङ्ख्या भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,

च) एक भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

छ) कुनै पनि उम्मेदवारको निर्वाचन चिन्हमा मत सङ्केत नगरिएको,

ज) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

झ) मतपेटिका भन्दा बाहिर राखिएको मतपत्र,

ट) जाली/नक्कली मतपत्र,

ठ) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

## १३. निर्वाचन आचारसंहिता

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी ढङ्गबाट भय रहित वातावरणमा सम्पन्न गर्नको लागि आयोगले निर्वाचन आचारसंहिता जारी गरेको छ । राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७८ को नियमन यसै आचारसंहिता बमोजिम हुने व्यवस्था गरिएको छ । आचारसंहिता नैतिक तथा कानूनी दायित्व भएको हुनाले यसको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हो । यसको पालना नेपाल सरकार र नेपाल सरकारको मन्त्री, प्रदेश सरकार र प्रदेश सरकारको मन्त्री, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, सार्वजनिक पद धारण गरेको व्यक्ति लगायत आचारसंहितामा उल्लिखित सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुले गर्नुपर्छ । राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि निर्वाचन आयोगले तोकेको मितिदेखि आचारसंहिता कार्यान्वयन हुन्छ । आचारसंहिताको अनुगमन तोकिए बमोजिमका समितिहरुबाट हुने व्यवस्था छ ।

## १४. राष्ट्रिय सभा सदस्य निर्वाचन सम्बन्धी कानूनी व्यवस्था

राष्ट्रिय सभा सदस्य निर्वाचन, २०७८ नेपालको संविधान लगायत देहायका कानूनी व्यवस्था बमोजिम सम्पन्न गरिने छ ।

(क) निर्वाचन आयोग ऐन, २०७३

(ख) निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३

(ग) मतदाता नामावली ऐन, २०७३

(घ) राजनीतिक दल सम्बन्धी ऐन, २०७३

(ङ) राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

(च) निर्वाचन आयोग नियमावली, २०७३

(छ) राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७६

(ज) मतदाता नामावली सम्बन्धी नियमावली, २०६८

(झ) राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ (तेस्रो संशोधन, २०७८ सहित)

(ञ) राष्ट्रिय सभा सदस्य निर्वाचन सञ्चालन आर्थिक कार्यविधि, २०७८

(ट) निर्वाचन विवाद (सुनुवाई र निरुपण) सम्बन्धी कार्यविधि, २०७६

१५. मतपत्रको ढाँचा :

(क) प्रदेश सभा सदस्यले मतदान गर्ने मतपत्रको ढाँचा




(ख) गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष एवम् नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने मतपत्रको ढाँचा

